नेपाली संस्करण（ネパール語）

## 【119 नम्बर हटलाइन बार्ता (आपतकालीन टेलिफोन) को डाएल गर्ने तरिका।】

○ जापानमा, 119 नम्बरमा फोन डाएल गर्यो भने, आपतकालीन समयमा, दमकल तथा एम्बुलेन्सलाई बोलाउन सकिन्छ ।

○ 119 नम्बर हटलाइन डाएल चाहिँ घरको फोन अथवा मोबाइल फोनमा एरिया कोड नभएपनि 「119」नम्बरमा फोनलाग्छ ।

○ हटलाइन डाएल गर्दा, नआत्तीकन 119 नम्बर अपरेटर (संचार प्रेषक) को निर्देशनलाई कृपया सुन्नुहोस ।

○ हटलाइन डाएल चाहि अंग्रेजी भाषा सहित, २४ वटा भाषाहरु उपलब्ध छ| जापानिज भाषा बोल्न नजान्ने हरुकालागि चाहिँ अपरेटरले 「I will use a translator. Please wait a moment.」 (म दोभाषेको प्रयोग गर्नेछु। कृपया केहि बेर पर्खनुहोस।) भनेर भन्दछन, र तुरन्तै दोभाषेसेन्टरमा फोन जोडीन्छ | फोनको लाइन नकाटी पर्खेर बस्नुहोला ।

※ फोनबार्ता चाहिँ, तलको तालिका अनुसार हुनेछ ।

(जापानिज भाषा बोल्न नसक्नेहरुका लागि, दोभाषे सहितको तीन-तर्फी (3 जना तिन तर्फबाट) फोनमा कुराकानी हुनेछ)

| वक्ता | आगलागीको बेलामा | बिरामी तथा घाइते भएको बेलामा |
|---|---|---|
| अपरेटर | 119 नम्बर, यो अग्नि नियन्त्रण बिभाग हो ।<br>आगलागि हो कि? इमर्जेन्सी (एम्बुलेन्स) हो? | 119 नम्बर, यो अग्नि नियन्त्रण बिभाग् हो ।<br>आगलागि हो कि? इमर्जेन्सी (एम्बुलेन्स) हो? |
| तपाई | आगलागी हो। | एम्बुलेन्स हो। |
| अपरेटर | दमकल आउनु पर्ने ठेगाना भन्नुहोस।<br>कुन कू, कुन माची हो ? | एम्बुलेन्स आउनु पर्ने ठेगान भन्नुहोस ।<br>कुन कू, कुन माची हो ? |
| तपाई | यो कु , यो माची , यो च्योमे, यो नम्बर, यो कोठा हो । | यो कु , यो माची , यो च्योमे, यो नम्बर, यो कोठा हो।<br>※बिल्डिंग (आफ् बस्ने घर) को सही नाम, ठेगाना र कोठा नम्बर बताउने। |
| अपरेटर | कति तलाको बिल्डिंग को कुन तलामा आगलागि भएको हो ? | बिरामी हुनुभएको हो, वा घाइते हुनुभएको ?<br>बिरामीको उमेर, महिला होकि पुरुष भन्नुहोस ? |
| तपाई | (उदाहरण) दुई तले घरको पहिलो तल्लाबाट धूवा आई राखेको छ । | (उदाहरण 1) बिरामी हो । ५० वर्षको पुरुष हो।<br>(उदाहरण 2) घाइते भएको हो । ३० वर्षको महिला हो । |
| अपरेटर | के जलिरहेको छ ? | बिरामी होसमा नै हुनुहुन्छ।<br>बिरामी वा घाइते व्यक्ति कुरा गर्न सक्नुहुन्छ? |
| तपाई | (उदाहरण) फ्राइपेनको तेल जलीराखेको छ । | (उदाहरण 1) सक्दैन ।<br>(उदाहरण 2) सक्छन। |
| अपरेटर | त्यहाँ कोहि आफै बाहिर भाग्न नसक्ने व्यक्ति हुनुहुन्छ? | (उदाहरण 1) कुममा बिस्तारै थपथपाए र आवाज दिदै गर्नुहोला \|<br>अँखा झ्काउने वा शरीर चलमलाउने गरिरहेको छ ?<br>(उदाहरण 2) रगत बगीरहेको छ की ? |
| तपाई | (उदाहरण 1) सबैजना बाहिर निस्क्यौ ।<br>(उदाहरण 2) त्यहाँ भित्र कोही छ जस्तो देखिन्छ। | (उदाहरण 1) कात्तिपनि शरीर चलमलाएको छैन ।<br>(उदाहरण 2) टाउकोको देब्रेपट्टी बाट रगत बगीरहेको छ । |

○ यो स्क्रिनलाई प्रिन्ट गरेर, 119 नम्बर हट लाइनमा फोन गर्नुपर्दा, सन्दर्भको रूपमा प्रयोग गर्नुहोस।